सुश्री Vickie B. Turner, समिति अध्यक्ष
श्री. Diijon DaCosta, उपाध्यक्ष
सुश्री Anna Hill
श्री Marshall D. Orson
सुश्री Deirdre Pierce
सुश्री Allyson Gevertz
डा. Joyce Morley

DeKalb County School District

सुश्री Cheryl Watson-Harris, सुपरिन्टेन्डेन्ट

**प्रेस वक्तव्य**

मङ्गलवार, जनवरी 12, 2021

**सम्पर्क:**
Portia Kirkland, 678-427-4898
Carla Parker, 404-734-1717

## DeKalb County School District ले विद्यालयहरू पुन: खोल्ने योजनलाई पछि धकेलेको छ

STONE MOUNTAIN, Ga. – DeKalb County School District (DCSD) ले विद्यालय फर्किने योजनालाई पछि धकेलेको छ। विद्यार्थीहरू जनवरी 19 मा प्रत्यक्ष शिक्षणका लागि विद्यालय आउने छैनन्।

– DCSD की सुपरिन्टेन्डेन्ट र उहाँको टोलीले जनवरी 11 को शिक्षा समितिको बैठकमा विद्यालयहरू पुन: सुचारू गर्ने डिस्ट्रिक्टको योजनाको बारेमा नयाँ अद्यावधिक प्रस्तुत गर्यो। कोभिड-19 को असर र पढाइ र सिकाइका लागि विद्यालयहरू बन्द रहेको कुरालाई मध्यनजर गर्दै ध्यान पूर्वक निर्णयहरू लिइएको हो।

विद्यार्थीहरू प्रत्यक्ष शिक्षणमा फिर्ता हुने अपेक्षित मिति भन्दा अगाडि परिवारहरूलाई दुई हप्ते सूचना प्रदान गरिनेछ। डिस्ट्रिक्टले संक्रमण न्यूनिकरणका रणनीतिहरू र विद्यालय तयारीमा ध्यान केन्द्रित गर्नेछ। विद्यालय सञ्चालन टोलीले निरन्तर रूपमा विद्यालय तयारीका मुख्य निरीक्षणहरू सम्पन्न गर्नेछ:

- व्यक्तिगत सुरक्षा उपकरण (PPE) र सरसफाइसम्बन्धी सामानहरू
- सरसफाइसम्बन्धी सामानहरूको वितरण तथा कार्यविधि
- सामाजिक दूरी कायम गरेर बस्ने व्यवस्था तथा स्थानको व्यवस्थापन
- पानीको पहुँच
- प्लम्बिङ र HVAC प्रणालीहरू
- कोभिड-19 को विद्यालय सुरक्षासम्बन्धी सङ्केत

हाम्रो प्राथमिकता भनेको सबै कर्मचारी तथा विद्यार्थीहरू DCSD का विद्यालय भवनहरूमा सुरक्षित साथ पढ्न र फस्टाउन सक्छन् भनेर सुनिश्चित गर्नु हो। यसमा कोभिड-19 को जोखिमको स्तर अझ कम गर्न Center for Disease Control and Prevention ले जारी गरेको संक्रमण न्यूनिकरणका पाँच रणनीतिहरूको पालना पनि समावेश हुन्छ, जस्तो कि:

- मास्कको नियमित र सही प्रयोग
- सम्भव भएसम्म सामाजिक दूरी कायम गर्ने
- हात धुने
- सरसफाइ र निसंक्रमण
- DeKalb Board of Health सँगको सहकार्यताका साथमा कन्ट्याक्ट ट्रेसिङ

डिस्ट्रिक्टले सुपरिन्टेन्डट Watson-Harris को साथमा बिहीबार, जनवरी 14, 2021 का दिन बेलुका 6 देखि 7 बजेसम्म भर्चुअल टाउन हल बैठक आयोजना गर्नेछ।

विद्यालयहरू पुन: सुचारु गर्ने योजनाको बारेमा थप जानकारीका लागि www.dekalbschoolsga.org/school-reopening भ्रमण गर्नुहोस्।

Robert R. Freeman Administrative Complex
1701 Mountain Industrial Blvd. | Stone Mountain, GA 30083
678.676.1200 | www.dekalbschoolsga.org